नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

नं. २९ गुल्म हे.क्वा., गोरखा

(गोरखा न.पा.- ८, आहाले)

## पुराना जिन्सी समानहरुको लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ०२

दोस्रो पटक प्रकाशित मितिः- २०८१/०२/०८ गते ।

यस कार्यालय जिन्सी आम्दानीमा रहेका निम्नानुसारको पुराना जिन्सी सामानहरु जेजस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्नालिखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

निम्नः-

| क्र.सं. | मालसामानहरुको विवरण | न्यूनतम् मुल्य (मु.अ.कर बाहेक) | कै. |
|---|---|---|---|
| १. | पुराना जिन्सी सामानहरु | ४५,८२४।९५ | |

### शर्तहरुः-

१. ईच्छुक बोलपत्रदाताले बोलपत्र सूचना प्रकाशित भएको मितिले ४ (चार) दिन भित्रमा रु. १,०००/- बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई यस कार्यालयबाट फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र ५ औं दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा सोही समय भित्रमा दर्ता गराईसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्रको सूचना नम्बर, मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेख्नुपर्नेछ ।

३. ५ औं दिनको १२:०० बजे सम्म दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको १५:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिको उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्रमा बोलपत्रदाता व्यक्ति वा फर्मले नेपाली नागरिकता, फर्म दर्ता, कर दर्ता र करचुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पुरा नाम थर ठेगाना लेखि फर्मको आधिकारिक सहिछाप गरी निवेदन पेश गरेको हुनुपर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ साथै अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएका बोलपत्र मान्य हुनेछैन ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्रदाताले बोलपत्र फारम साथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकममा नघटाई को.ले.नि.का. गोरखाको राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखामा रहेको धरौटी खाता नं. ३०६०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै राष्ट्रिय वाणिज्य बैंकबाट यस कार्यलायको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८. उल्लेखित सामानहरु हेर्न वा थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा आई हेर्न र बुझ्न वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२२७१ मा सम्पर्क राख्न सकिनेछ ।

९. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

८१.१.१३

सुमन बोगटी

सशस्त्र प्रहरी नायव उपरीक्षक

कार्यालय प्रमुख